# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,

लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र


| खण्ड १ | अंक: २ | मार्ग, ०४ गते २०८२ साल | (संख्या: ०७) |
|---|---|---|---|


### भाग-२

नगर कार्यपालिकाको मितिः २०८२/०७/३० मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी

### कार्यविधि (तेस्रो संशोधन), २०८२

प्रस्तावनाः बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

बर्दघाट नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस नगरपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दिको अधिनमा रहि प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि बर्दघाट नगर कार्यपालिकाले मिति २०८२/०७/३० मा यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

प्रमुख प्रशासकीय अधिकृत

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०८२" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "प्रमुख" भन्नाले क्रमशः नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले "बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, (दोस्रो संशोधन) २०८१" सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३ (२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तर्वार्ता तथा सूचिकरण समिति सम्झनु पर्दछ ।

३. **बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१ (यस पछी कार्यविधि भनिएको) को दफा ४ को उपदफा ४ पछी देहायको उपदफा ५ मा लिखित परीक्षा थप गर्ने जस अन्तर्गत** " तोकिएको पाठ्यक्रमको हकमा सोही बमोजिम लोकसेवा आयोग वा अन्य निकायबाट तय भएको पाठ्यक्रम बमोजिम वा अधिकृतस्तरको हकमा वस्तुगत १०० पूर्णाङ्क र सहायकस्तरको हकमा वस्तुगत ५० पूर्णाङ्कको लिखित परीक्षा लिइने ।भन्ने थप गरिएको छ ।

आज्ञाले,

(बाबुराम पौडेल)
प्रमुख प्रशासकीय अधिकृत